**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ११ अक्तूबर २०२३

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

१. देशभरीमा आज महाअष्टमी अनि महानवमीको अवसरमा मॉं दुर्गा को स्वरूप महागौरी अनि सिद्धिदात्री को पूजा गरिन्दैछ।

२. भारत अनि लाओ-पीडीआर ले आज छह वटा सहमति पत्र तथा समझौता मा हस्ताक्षर गरेको छ।

३. रक्षा मंत्री राजनाथ सिंहले भारतीय सेना माथि सम्पूर्ण राष्ट्रको विश्वास र भरोसा अडिग रहेको बताउनुभएको छ।

४. इंडियन मेडिकल एसोसिएशन ले भनेको छ कि डाक्टरहरुको हड़तालको सम्बन्धमा पश्चिम बंगाल सरकारले चाँडै कुनै पाइला नचाले संगठन श्कठोरतमश पाइला चाल्न विवश हुनेछ।

५. खरसाङ महकुमा अन्तर्गत लङभ्यू चियाबारीका श्रमिकहरूलाई केवल १० प्रतिशत बोनस प्रदान गरिएपछि श्रमिकहरू लगातार अनशनमा बसिरहेका छन्।

**दुर्गा पूजा-राष्ट्रपति**

देशभरीमा शारदीय नवरात्र अनुष्ठान मा आज महाअष्टमी अनि महानवमीको अवसरमा मॉं दुर्गा को स्वरूप महागौरी अनि सिद्धिदात्री को पूजा गरिन्दैछ। यस अवसरमा पूर्ण श्रद्धा अनि आस्था को साथ कन्या पूजन को पनि विधान छ। देश को विभिन्न भागहरुमा पूजा पंडालहरुलाई सुरूचिपूर्ण ढंगमा सजाइएको छ जहां भारी संख्या मा श्रद्धालुहरु आइरहेका छन्। यसै बीच राष्ट्रपति द्रौपदी मुर्मुले आज दुर्गा पूजाको अवसर मा सबै देशवासीलाई शुभकामना दिनुभएको छ। राष्ट्रपतिले सोशल मीडिया मा आफ्नो संदेश मा भन्नुभयो कि दुर्गा पूजा नराम्रो माथि राम्रो को जीत को रूप मा मनाइन्छ। उहाँले मां दुर्गा शक्ति को प्रतीक रहेको पनि बताउनुभयो। उहाँले भन्नुभयो कि यो त्योहार पूर्ण रुपले देवी दुर्गा प्रति समर्पित हुन अनि सबै धर्म बीच एकता अनि समन्व्य लाई बढ़ावा दिने अवसर हो। मां दुर्गाले एक न्यायपूर्ण, संवेदनशील अनि न्यायसंगत समाज बनाउन का लागि शक्तिए साहस अनि दृढ़ संकल्प प्रदान गर्ने कामना पनि राष्ट्रपतिले गर्नुभएको छ।

****** ० ******

**पश्चिम बंगाल-दुर्गा पुजा**

**पश्चिम बंगाल** मा महाष्टमी अनि महानवमी को त्यौहार पूर्ण उल्लास को साथ मनाइंदैछ। राज्य भरि विभिन्न पूजा पंडालहरुमा देवी दुर्गा को आशीर्वाद लिनका लागि मानिसहरुको धेरै भीड़ बनीरहेको छ। समाज को विभिन्न वर्गहरुका मानिसहरु नयाँ.नयाँ तथा रंगीन पहिरनहरु लगाएर पुजा पण्डालहरुमा देवी माँ को दर्शनको लागि आइरहेका छन्।

****** ० ******

**बडा दशैं**

पश्चिम बंगालमा दुर्गापूजाको उत्साह चरममा पुगेकोछ। आज महानवमीको दिन राज्यभरीका प्रमुख मन्दिरहरू विशेष गरि देवि मन्दिरहरूमा हजारौं मानिसहरूको भिड़ एका बिहान देखि नै देखियो। दिन भरी नै माताको दर्शन र पूजन गर्न र माताको आशिर्वाद लिन हजारौंको संख्यामा मानिसहरू घण्टों लाइनमा प्रतिक्षा गरि देविको दर्शन गरी रहेको समाचार छ। आज साँझ देखि राज्यभरीका दुर्गा पण्डालहरूमा माताको दर्शन गर्न केटा केटी र महिला पूरूषहरोत ताँत लाग्न थालेको छ। अष्टमी र महानवमी आज एकै दिन पर्नाले नौ दिन देखि नवरात्रीमा देवीको उपासना र वर्त गर्ने परिवारहरूले बिहान परम्परागत ढंगमा कन्या पूजन गरे तथा भेंटी अर्पित गरे। कोलकाताको कालिघाट, बेलुरमठ, दक्षिणेश्वर, माँ तारा धाम शक्तिपिठ लगायत दार्जिलिंग पहाड़का सबै देवि मन्दिरहरू, महाकाल मन्दिरमा श्रद्धालुहरूको ताँत देखियो। सप्तमी देखि नै लिंगे पिंग पनि गाँउ गाउँमा लगाउन थालेका छन तथा केटा केटी महिलाहरूले रमाइलो गरि रहेका छन्। अर्को तीर हिजो देखि नै बड़ा दशैंमा ठुला बड़ाको आशिर्वाद लिन परिवारिक भेला पनि शुरू भएकोछ। शाहरमा बस्ने प्रायः मानिसहरू दशैंमा आ-आफ्ना बस्तिको घर जाने प्रचलन छ र आज देखि नै प्रयाः मानिसहरू आफ्ना मुल घर तर्फ लागेका छन्।

****** ० ******

## दुर्गा पूजा घैयाबारी

खरसाङ खण्ड अन्तर्गत घैयाबारीमा रहेका भूतपूर्व सैनिकहरूको संगठन कारगिल एनजीओको आयोजनामा दुर्गा पूजा सम्पन्न भएको छ। घैयाबारीको मानेडाँड़ास्थित वैष्णवदेवी दुर्गा मन्दिरमा नौ दिवसीय दुर्गा पूजाको समापन भएको छ। उक्त दुर्गा पूजा पण्डित कुलप्रसाद कोइरालाको अगुवाईमा सम्पन्न गरिएको छ। उक्त नौ दिवसीय पूजा गत २ अक्टोबरदेखि शुरु भएर आज ११ अक्टोबरको दिन समापन गरिएको छ। उक्त नौ दिवसीय दुर्गा पूजाको समापनमा आज आरतीसहित हवन पनि सम्पन्न भएको छ। यस अवसरमा नौ देवी माताहरूको रूपमा ९ जना कन्याहरूलाई सम्मानसहित पुजिएको छ। उक्त नौ दिवसीय दुर्गा पूजाको लागि कारगिल एनजीओको आयोजनामा दुर्गा पूजा आयोजक समिति गठन गरिएको थियो जसमा सुरज तामाङ सभापति, देवपाल लामा सचिव र गणेश तामाङ कोषाध्यक्ष रहेका थिए। विशेष गरेर २००५ मा स्थापना भएको घैयाबारीको मानेडाँड़ास्थित दुर्गा मन्दिरमा कारगिल एनजीओको सभापति एंव भूतपूर्व सैनिक सुवाङ्ग सुब्बाले पूजा गर्दै आईरहेका थिए भने यसपालीदेखि कारगिल एनजीओको आयोजनामा दुर्गा पूजा आयोजना गरिएको छ। उक्त दुर्गा पूजामा कारगिल एनजीओको सभापति सुवाङ्ग सुब्बाए उपाध्यक्ष हेमराज गुरुङए सचिव गणेश तामाङ लगायत अन्य सदस्यहरू उपस्थित रहेका थिए। उक्त दुर्गा पूजा विषयमा पत्रकारहरूसित कुराकानी गर्दै पूजा आयोजक समितिको सभापति सुरज तामाङ र सचिव देवपाल लामाले विस्तृत रुपमा जानकारी गराएका छन्।

****** ० ******

## तीनधारे दुर्गापूजा

तीनधारेको बीस माइलस्थित उत्तर केशी सिंहदेवी मन्दिरमा आयोजित सार्वजनिक श्री श्री नव दुर्गा पूजा खरसाङ खण्ड अन्तर्गत रहेको पूजाहरूमध्ये प्रथम भएको छ। तीनधारेको बीस माइलस्थित उक्त दुर्गा पूजालाई सार्वजनिक रूपमा जनसाधारणलाई स्वास्थ्य विषयमा जागरूक गराउन गरेको पहलको लागि स्वास्थ्य बन्धब शरद सम्मान २०२४ मा प्रथम स्थान ओगट्न सफल भएको छ। खरसाङ खण्ड अन्तर्गत पर्ने दुर्गा पूजाहरूमध्ये तीनधारेको बीस माइलस्थित उत्तर केशी सिंहदेवी मन्दिरमा आयोजित दुर्गा पूजामा मानिसहरूलाई सचेतना गराउँदै विभिन्न स्वास्थ्य सम्बन्धित बोर्डहरू र होडिङ्गहरू लगाएका थिए। यसमा डेंगु सतर्कताको लागि सचेतनाताए कालो ज्वरो साथै स्वास्थ्य सम्बन्धी सचेतनाहरू लगाइएको थियो। यसको साथै साईबर क्राइमए मानव तस्करीए सेभ ड्राइभ सेफ लाइफ जस्ता सचेतनामूलक पोष्टरहरू पनि टाँसिएका थिए। त्यसैले खरसाङ खण्ड अन्तर्गत रहेका पूजाहरूमा तीनधारेको बीस माइलस्थित उत्तर केशी सिंहदेवी मन्दिरको पूजालाई प्रथम स्थान प्राप्त भएको छ। उक्त प्रथम पुरस्कार प्रमाण पत्र खरसाङ खण्ड विकास कार्यालयका एकजना प्रतिनिधि साथै घैयाबारी ग्राम पञ्चायत दुईको उप प्रधान रञ्जित थापाको बाहुलीबाट आयोजक समितिलाई प्रदान गरिएको जानकारी प्राप्त भएको छ।

****** ० ******

## पीएम-पूर्वी एशिया शिखर सम्मेलन

भारत अनि लाओस पीपुल्स डेमोक्रेटिक रिपब्लिक-पीडीआर ले आज छह वटा सहमति पत्र तथा समझौता मा हस्ताक्षर गरेको छए जसमा रक्षा सहयोगए सीमा शुल्क, ऑडियो विजुअल अनि धरोहर को संरक्षण शामेल छ। भारत ले भारत-संयुक्त राष्ट्र विकास भागेदारी कोष को माध्यम बाट लाओस मा पोषण सुरक्षा को साथ खाद्य सशक्तता को परियोजना मा सहायता दिन का लागि दस लाख अमरीकी डॉलर को सहायता उपलब्ध गराउने निर्णय पनि लिएको छ। लाओ को राजधानी वियंनचन मा प्रधानमंत्री नरेन्द्र मोदी अनि लाओस को प्रधानमंत्री सोनेक्साय सिफांडोन को उपस्थिति मा सहमति ज्ञापनहरुको आदान-प्रदान गरियो। लाओ को प्रधानमंत्रीले बाढ़ मा भारतीय सहायता को लागि श्री मोदी प्रति आभार व्यक्त गर्नुभयो। लाओस को यात्रा को दोस्रो दिन श्री मोदी ले लाओस का राष्ट्रपति थोंगलाओन सिसौलिथसित आज वियंनचन मा भेटवार्ता गर्नुभयो। बैठक को अवधि दुवै नेताले द्विपक्षीय संबंधहरुमाथि विचार-विमर्श गरे तथा दुवै देशको निकटतम भागीदारीलाई अझ सुदृढ़ बनाउने प्रतिबद्धता व्यक्त गरे। बैठक पछि प्रधानमंत्री नरेन्द्र मोदीले भारत फर्की आउन आफ्नो यात्रा शुरु गर्नुभएको छ।

****** ० ******

## रक्षामंत्री राजनाथ सिंह- कमाण्डर सम्मेलन

रक्षामंत्री राजनाथ सिंहले, भारतको सीमानाको सुरक्षा तथा प्राकृतिक आपदाको बेला भारतीय सैन्य जवानहरूको भूमिकाको प्रशन्सा गर्नु भयो। उहाँले भावी युद्धहरू गैर-पारम्परिक भीषम हुने बताउँनु भयो। भावी युद्धहरू हाइब्रिड हुने पनि उहाँले भन्नु भयो।

विश्वका विभिन्न भागहरूमा जारी संघर्षहरूमा यस्तै प्रकारका युद्धहरूको स्वरूप देखिन पाइन्दैछ भनि उदाहरण पनि दिनु भयो। यी सबै अपराम्परिक अनि भीषम परिस्थिति साथै हाइब्रिड युद्धका चुनौतीहरूको सामना गर्न भारती सेन तमतैयार रहेकोमा उहाँले खुशी व्यक्त गर्नु भयो। उहाँले अझ भन्नु भयो - भारतीय सेनामाथि सम्पूर्ण राष्ट्रको विश्वास र भरोस अडिग छ। देशका लागि भारतीय सेना सबैभन्दा भरपर्दो अनि प्रेरणादायी संगठन रहेको कुरा पनि भन्नु भयो। हिजो देखि सिक्किमको राजधानी गान्तोकमा शुरू भएको सैन्य कमाण्डर सम्मेलनको दोस्रो दिन सैन्य अधिकारीहरूलाई सम्बोधन गर्न आज बिहानै बागडोगरा हवाई अड्डामा ओर्ले ता पनि श्री सिंह खराब मौसमले गर्दा गान्तोक जान सक्नु भएन। उहाँले सुकना स्थित सैन्य छावनीबाटै भर्चुअल माध्यमद्वारा सैन्य अधिकारीहरूलाई संबोधित गर्दै सो कुराहरू भन्नु भयो। गत वर्ष अक्टूबर महिनामा बादल फाट्नाले परेको मुसलधारे वर्षा पछि सिक्किमको ल्हुनक पोखरी फूटेपछि टिस्टा नदीमा आएको अचानक बाढीमा बरदांग स्थित भारती सेनाको ट्रान्जिट शिविरमा रहेका 22 जवानहरूको मृत्यु भएको थियो। ती दिवन्गत वीर सैनिकहरूको स्मृतिमा निर्मित प्रेरणा स्थलको पनि क्षी सिंहले भर्चुअल माध्यमले उद्घाटन गर्नु भयो।

****** ० ******

**पश्चिम बंगाल-डॉक्टर**

पश्चिम बंगालको राजधानी कोलकाता मा आर.जी. कर मेडिकल कॉलेज अनि अस्पताल मा एक जूनियर डॉक्टरसित गरिएको दुष्कर्म अनि हत्या को घटना विरुद्ध आमरण अनशन गरिरहेका एकजना डॉक्टर को अवस्था बिग्रिएर गएको छ भने यी डाक्टरलाई अस्पताल को गहन चिकित्सा कक्षा मा रखिएको छ। यसै बीच डॉक्टरहरुका संयुक्त मोर्चाले राज्यको मुख्यमंत्री ममता बनर्जीलाई पत्र लेखेर डॉक्टर अनि सरकार बीच चलिरहेको यस गतिरोधलाई समाप्त गर्न का लागि हस्तक्षेप को अनुरोध गरेका छन्।

****** ० ******

**आईएमए**

देशभरीका डॉक्टरहरुका संगठन इंडियन मेडिकल एसोसिएशन (आईएमए) ले पश्चिम बंगाल सरकारलाई कड़ा चेतावनी दिंदैए सरकार ले चाँडै कुनै पाइला नचाले को खण्डमाए संगठन श्कठोरतमश पाइला चाल्न विवश हुने बताएको छ। आज नयाँ दिल्लीबाट आईएमए का अध्यक्ष आरवी अशोकन धरमतला को अनशन स्थल पुगेर आंदोलनरत डॉक्टरहरुसित भेटवार्ता गर्नुभयो। आईएमएका अध्यक्षले डा. अनिकेत महतोसित पनि भेटवार्ता गर्नुहुनेछ।

****** ० ******

**लङभ्यू-अनशन**

खरसाङ महकुमा अन्तर्गत लङभ्यू चियाबारीका श्रमिकहरूलाई केवल १० प्रतिशत बोनस प्रदान गरिएपछि श्रमिकहरू विगत चार दिनदेखि लगातार अनशनमा बसिरहेका छन्। भोलि दशैंको टिका होए तर पनि चियाबारी श्रमिकहरू लगातार अनशनमा बसिरहेका छन्। सरकारको हस्तक्षेपपछि १६ प्रतिशत बोनस प्रदान गरिने बताइएको थियोए तर पनि लङभ्यू चिया बगानका श्रमिकहरूलाई भने केवल १० प्रतिशत बोनस प्रदान गरिएको छए जस कारण श्रमिकहरूले रिले अनशन शुरू गरेका छन्। आज यस अनशनको चौथो दिन हो भने आज १३ श्रमिकहरू अनशनमा छन्। सरकारी परामर्श अनुसार १६ः प्रदान गरिनु पर्ने हो। तरए लङभ्यूमा भने यो परामर्श पालन गरिएन। श्रमिकहरू दशैंमा पनि लगातार रूपमा अनशनमा बस्ने भएका छन्।

****** ० ******